उप-प्रमुख एवं बजेट तर्जुमा समिति संयोजक

कविता विष्टले

मिति २०७५/०३/३० गते तेस्रो नगरसभामा प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७५/७६ को

# बार्षिक बजेट वक्तव्य

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी बाजुरा
७ नं प्रदेश नेपाल

आदरणीय सभाध्यक्ष महोदय,

१- नेपालको संविधानको मर्म अनुसार तीन वटै तह स्थानीय , प्रदेश र संघीय निर्वाचन मार्फत जनताले आफ्ना प्रतिनिधी छनोट संघीय शासन व्यवस्थाको जग बलियो ढंगबाट स्थापित गरिसकेका छन् । प्रादेशिक र संघीय सरकारले पूर्णता प्राप्त गरी जनताको घर आँगनमा सरकार पुगेको अनुभूती हुने गरी कार्य प्रारम्भ भएका छन्। नेपाललाई स्वाधिन र सार्वभौमसत्ता सम्पन्न मुलुकको रुपमा स्थापित गर्न वीरतापूर्ण सहादत प्राप्त गर्ने शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै पूर्खाले आर्जेको उपलब्धीलाई संस्थागत गर्दै सफल कार्यान्वयनको चरणमा छौं । स्थानीय सरकारको नयाँ अभ्यास अप्रयाप्त जनशक्ती लगायत विभिन्न जटिलता र चूनौती भएता पनि नगरवासीको उत्साह उमंगले खुसी र समृद्ध नगर निर्माण महाअभियानलाई सफल बनाउनुको विकल्प छैन । सहमती सहकार्य र एकताको शुत्रबाट खुसी नगरवासी समृद्ध नगर बनाउने अभियान अवश्य सफल बन्नेछ ।

२- आज असार ३० गते बडिमालिका नगरपालिकामा जनताका प्रतिनिधीहरु निर्वाचित भई आईसके पश्चात तेस्रो नगरसभामा म उपप्रमुख तथा बजेट एवं कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले गरिमामय सभामा आर्थिक वर्ष २०७५/७६ को बार्षिक बजेट पेश गर्न गईरहेको छु । यस गौरवमय सभामा बडीमालिका नगरपालिकाको भलो चाहने समस्त शुभचिन्तक सहयोगी संघ/संस्था , पत्रकार मित्रहरु , सामुदायिक रेडियो लगायत नगरवासी आमाबुवा दाजुभाइ तथा दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ब्यक्त गर्दछौं ।

३- संविधान बाहेक लगभग स्थानीय तहमा कानूनी शुन्यताको एक वर्षमा नगरपालिकालाई आवश्यक ऐन नियम तर्जुमा गरी कार्यान्वयन चरणमा छौ अझ भन्दा "समृद्ध बडिमालिका" निर्माणको आधारशिला तयार पारेका छौ । समृद्ध बडीमालिकाको यात्राका लागि आधारभूत पूर्वाधार तयार पारेका छौं ।

४- चालु आ.व. का विभिन्न योजना तथा कार्यक्रमको प्रभावकारिता र महत्व हेरेर योजना तथा कार्यक्रमहरुलाई निरन्तरता दिईएको छु ।

५- नगरपालिकाको पूर्वाधार निर्माणका लागि नगर यातायात गुरुयोजना (MTMP) बमोजिम तथा नेपाल सरकार प्रदेश सरकारले प्रतिवद्धता सहित दिगो विकास SDG का लक्ष्यहरु हाँसिल गर्न सघाउ पुर्याउने गरी बजेट विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

६- चालु आर्थिक वर्षको बार्षिक प्रगतिका बारेमा संक्षिप्तमा जानकारी गराउन चाहान्छु । चालु आर्थिक वर्षको कुल बार्षिक बजेट रु १६ करोड ४४ लाख ६१ हजार मध्ये चालु खर्च तर्फ २ करोड ७९ लाख १८ हजार ६ सय ४ र पूँजीगत तर्फ ७ करोड ४९

लाख ९२ हजार ५५ रुपैंया बजेट खर्च गरी सोबाट निम्न उपलव्धी हाँसिल भएको छ। १३ वटा सडक योजनाहरुको १२.५ किलोमिटर कच्ची सडक खोल्ने काम भएको छ भने वडा नं ५ र ६ बाहेक नगरका सबै वडा सडक संजालमा जोडिएका छन्। वृहत मार्तडी खानेपानी लगायत २० वटा खानेपानी योजना निर्माण तथा मर्मत भै खानेपानीको सहज आपूर्ति भएको छ। विद्यालयलाई पूर्वाधारयुक्त बनाउने अभियान अन्तरगत विद्यालय भवन तथा प्रारम्भिक बालविकास केन्द्रहरुको व्यवस्थापन गरी पठनपाठनमा सहजता आएको छ। जिल्ला सदरमुकाम मार्तडीमा वन कार्यालय देखि जिल्ला अस्पताल प्रवेशद्धार र गौडादेखी खुलामञ्चसम्मका सडक ठेक्का भई निर्माण प्रकृयामा रहेका छन् । सामाजिक क्षेत्रमा छाउपडी गोठमुक्त अभियान सहित महिला हिंसा न्यूनिकरण लगायतका क्षेत्रमा प्रगती हुदैं आएको छ ।

७- अव म आगामी आर्थिक २०७५/७६ मा संचालन गरिने मुख्य-मुख्य कार्यक्रमहरुका बारेमा जानकारी गराउन चाहान्छु। संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान रु १० करोड ५९ लाख, सशर्त अनुदान १३ करोड ३३ लाख, समपुरक अनुदान २ करोड १५ लाख ६ हजार , प्रदेश सरकारबाट समानिकरण अनुदान ६७ लाख २९ हजार, प्रदेश सरकारबाट राजश्व बाँडफाँड बापत १४ लाख ८९ हजार , प्रदेश सरकारबाट समपूरक अनुदान ६० लाख तथा यस नगरपालिकाको राजश्वक परिचालनबाट प्राप्त हुने रु ५५ लाख , यूनिसेफ नेपालबाट प्राप्त हुने रु ७७ लाख १३ हजार र यस नगरपालिका क्षेत्रमा कार्यक्रम लागू भएका गैससको ८६ लाख २० हजार लगायत विविध रु ४५ लाख बजेट समेतलाई समावेश गरी कूल ३६ करोड २८ लाख ६४ हजार ८३३ रुपैया विनियोजन गरेको छु ।

८- आर्थिक बर्षको अन्तसम्ममा कुल राजश्वक संकलन रु ५५ लाख हुने अनुमान गरिएको छ । यसैगरी नगरपालिकालाई सहयोग गर्ने विकासका साझेदारहरु युनिसेफ लगायतका संघसंस्थाहरु नीजि क्षेत्र , सहकारी वित्तिय क्षेत्रसंगको सहकार्यमा समृद्ध बडीमालिका निर्माण यात्रालाई निरन्तरता दिइनेछ ।

९- नगरपालिकाका वडा नं ५ र ६ को वडा केन्द्रमा हालसम्म पनि कच्चीसडक निर्माण हुन नसकेको अवस्थामा आगामी आर्थिक वर्षमा वडा केन्द्रसम्म सडक निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु भने नगरक्षेत्रका अन्य वडाहरुमा पनि बाह्रै महिना सडक सुचारु गर्न संघीय र प्रदेश सरकारसंग समन्वय गरी संचालनको प्रवन्ध मिलाईनेछ।

१०- समृद्ध बडीमालिका नगरपालिका निर्माणका पाँच पाइला - E-Badimalika, उज्यालो बडीमालिका, गन्तव्य बडीमालिका , स्वच्छ र सफा बडीमालिका र जनताको शासन जनमैत्री प्रशासनलाई सफलिभूत पार्न आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गरेको छु । बजेटका उद्देश्यहरु यस प्रकार प्रस्तुत गरेको छु :-

- ✓ "खुशी नगरबासी समृद्ध नगर" बनाउन नगरवासीको मुहारमा मुस्कान ल्याउन सफल कार्यान्वयनमा सहयोग गर्ने ।
- ✓ दिगो विकास, समावेशी र उच्च स्तरको आर्थिक वृद्धिदर हाँसिल गर्ने ।
- ✓ बढ्दो विज्ञान प्रविधीका माध्यमबाट सबै वडा कार्यालयलाई सूचना प्रविधीमैत्री बनाउने ।
- ✓ वि.पि. जिवनस्तर सुधार कार्यक्रम मार्फत **हल्दि खुर्सानी नगर - बाहिरको नखाने** नगरपालिका बनाइने।
- ✓ नगरकेन्द्रबाट सवै वडा कार्यालयसम्म सहज सडक संजाल जोडी **बडीमालिका चक्रपथ** निर्माण कार्यलाई तिव्रता प्रदान गर्ने ।
- ✓ बडीमालिका नगरपालिकालाई लगानीमैत्री सेवा सुविधायुक्त बनाई गन्तब्य बडीमालिकाको आधारशिला तयार गर्ने ।
- ✓ पवित्र पावन भूमी बडीमालिका मन्दिर जोड्ने **बुढाकोर्ध-मालिका र** जाल्पादेवीका लागि **पिनालेक - दुनलेक** केवलकारको सम्भाव्यता अध्ययन गर्ने ।

११- समृद्धीका पाँच पाइलाको अभियान हाँसिल गर्नका लागि बजेटका प्राथमिकताहरु देहायका निर्धारण गरेको छु :-

- नगरपालिकालाई दुध, अण्डा र मासु लगायत कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने,
- नगरका ५ र ६ सहित सवै वडा केन्द्रसम्म सडक संचालन, कृषि र पर्यटकीय महत्वका सडक निर्माण,
- स्वच्छ र सफा खानेपानीको व्यवस्था,
- एक वडा एक उत्पादन पकेट क्षेत्र,
- रोजगारीका अवसरहरुको पहिचाहन र प्रोत्साहन,
- किसानको मुहारमा मुस्कान छाउन कृषिमा आधुनिकीकरण, व्यावसायिकरण र प्रविधिकरण,
- पर्यटन क्षेत्रको पहिचान, प्रवर्द्धन र पर्यटकीय पूर्वाधारको विकास
- सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार
- शैक्षिक बेरोजगारी अन्त्य

**अध्यक्ष महोदय,**

१२- नगरको नीति कार्यक्रम र उद्देश्यलाई साकार पार्न प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्ष २०७५/७६ को विषयगत क्षेत्रगत रुपमा बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**<u>आर्थिक विकास क्षेत्र</u>**

१३- आत्मनिर्भर नगरपालिका बनाउने उद्देश्यले कृषि तर्फ कूल २६ लाख बजेट विनियोजन गरेको छु। कृषकसग नगर प्रमुख कार्यक्रम अन्तरगत सबै वडामा माटो परिक्षण किसानको मुहार मुस्कान प्रविधिकरण र आधुनिकीकरणको अभियान हल्दि खुर्सानी नगर बाहिरको नखानी, एक गाँउ एक उत्पादन जस्ता कार्यक्रममा बजेट विनियोजन गरेको छु ।

१४- मार्तडी बजारको विकाससंगै भगिनी बजारका रुपमा तिपाडा ,जडाङ्गा- भौनेरा र चुथीमा बजार व्यवस्थाका लागि रु ३ लाख २० हजार , वडा नं १ र २ मा कुटानी पिसानी मिल स्थापनाका लागि ११ लाख गरी उद्योग वाणिज्य तर्फ कुल १४ लाख २० हजार विनियोजन गरेको छु । हरेक ३ वडा हेर्नेगरी कृषि प्राविधिकको व्यवस्था गर्न बजेट विनियोजन गरेको छु ।

१५- बडीमालिका नगरपालिकालाई ७ नं प्रदेश कै नमूना पर्यटकिय क्षेत्रका रुपमा विकास गर्न बडीमालिका, कालाजग्रा, जाल्पादेवी क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि रु ५ लाख ३० हजार, बुढाकोर्ध - मालिका र खेतीपातल-दुनलेक केवलकार सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरिएको छु ।अद्भुत कालाजग्रा , जाल्पादेवी, गणेश गुफा, पोरखे लेक, विरेखोला झरना जस्ता आन्तरिक पर्यटकिय प्याकेजको निर्माण र प्रचार-प्रशारमा रु १ लाख, वडा नं ३ लाई कृषि पर्यटकिय क्षेत्रका रुपमा प्रवर्द्धन गर्न रु १ लाख र नगर क्षेत्रका उपयुक्त वस्तीलाई होमस्टेका रुपमा विकास गर्न रु १ लाख गरी पर्यटन क्षेत्रमा कुल १० लाख ३० हजार विनियोजन गरेको छु ।

१६- सहकारीलाई उत्पादनमूलक बनाइ आर्थिक विकासको प्रमुख साझेदारका रुपमा विकसित गराउन कुल रु ३७ लाख ८५ हजार विनियोजन गरेको छु । जसमा सहकारी क्षेत्र प्रर्वद्धन गर्न रु ८ लाख , वि.पी. जीवनस्तर सुधार कार्यक्रममा १० लाख , सहकारी मार्फत युवालाई व्यवसायिक बनाउन तरुण वीउ पूँजी कोषमा ८ लाख बजेट विनियोजन गरेको छु ।

१७- बैक तथा वित्तीय क्षेत्रमा नगरवासीको पहुँच वृद्धि गर्न **हरेक नगरवासीका बैङ्कमा खाता : समृद्ध नगर निर्माणमा हाम्रो सहभागिता** कार्यक्रम संचालन गर्न वित्तीय क्षेत्रमा बजेट विनियोजन गरेको छु ।

१८- पशु विकास कार्यक्रम, पशु विमा एवं भैसीलाई आहार तथा सुत्केरी भत्ता कार्यक्रममा एकमुष्ट रु १९ लाख बजेट विनियोजन गरेको छु ।हरेक ३ वडा हेर्नेगरी पशु प्राविधिकको व्यवस्थाका लागि बजेट विनियोजन गरेको छु ।

१९- नगर क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा **जनशक्ति - पूर्वाधारयुक्त विद्यालय : व्यवहारिक सीप विकास र शिक्षा गुणस्तरिय** कार्यक्रम अन्तरगत विद्यालयका भवन फर्निचर, किटबक्स, भौतिक पूर्वाधार र बडीमालिका नगर स्वयमसेवक शिक्षक निर्माण गरी शिक्षा क्षेत्रमा एकमुष्ट रु १ करोड ३२ लाख ९५ हजार विनियोजन गरेको छु ।

हरेक विद्यालयमा **शैक्षिक सुधारमा म सक्षम छु** कार्यक्रम लागु गरिनेछ भने **"आफु जहाँ आफ्ना तहाँ** " कार्यक्रम अन्तर्गत जनप्रतिनिधी, सरकारी तथा गैससमा कार्यरत कर्मचारीहरुका बालबालिकाहरुलाई सरकारी विद्यालयमा पढाउने अविभावकलाई विशेष प्याकेज मार्फत सम्मानित गर्ने प्रवन्ध मिलाएको छु ।

२०- **"घरघरमा अर्गानिक तरकारी - रोगव्याधी डाँडापारी** नारा अनुसार अर्गानिक खानपानलाई जोड दिई बहुक्षेत्रीय पोषण योजनालाई लागु गरि नगरलाई पोषणयुक्त बडीमालिका नगरपालिका बनाउन पोषण ३५ लाख ९० हजार रुपैंया , शहरी स्वास्थ्य केन्द्र स्थापना र मर्मतका लागि ९ लाख रुपैंया , नगर एम्वुलेन्स व्यवस्थापन २ लाख रुपैंया , जिल्ला अस्पतालको सेवा प्रवाह सुधारमा २० लाख रुपैंया , बडीमालिका उपचार सहायता कोषमा ३ लाख रुपैंया लगायत कुल स्वास्थ्य क्षेत्रमा १ करोड १२ लाख ६३ हजार विनियोजन गरेको छु ।

२१- नगरवासीको प्राथमिक स्वास्थ्यमा सहज पहुँच पुर्याउन हरेक वडामा शहरी स्वास्थ्य केन्द्र र जनशक्ती व्यस्थापनका लागि बजेट विनियोजन गरेको छु ।

२२- नगर क्षेत्रको खानेपानी सम्भाव्यता तथा आवश्यकताको आधारमा आयोजना निर्माण र क्रमागत योजना निर्माणका लागि एकमुष्ट रु १ करोड विनियोजन गरेको छु भने कुल खानेपानी तथा सरसफाइका क्षेत्रमा १ करोड १४ लाख १५ हजार रुपैंया विनियोजन गरेको छु ।

२३- **हाम्रो मौलिकता हाम्रो शान - संस्कार परम्परा र मेलापर्व हाम्रा पहिचान** अभियान अन्तरगत संस्कृती पहिचान, प्रवर्द्धन र विकासका लागि संस्कृती प्रवर्द्धन तर्फ कुल ४५ लाख २९ हजार रुपैंया विनियोजन गरेको छु । **हाम्रा बुद्ध - चित्त शुद्ध** कार्यक्रममा समेत रु १ लाख बजेट व्यवस्था गरेको छु ।

२४- बडीमालिका नगरस्तरिय खेलकुद मैदान निर्माण , नगर स्तरिय खेलकुद , अन्तर नगर खेलकुद प्रतियोगिताका लागि ६ लाख ५० हजार रुपैंया विनियोजन गरेको छु ।

आदरणीय दिदीबहिनी तथा दाजुभाई,

२५- **महिलासँग उप-प्रमुख कार्यक्रमलाई** शसक्त रुपमा वडास्तरमा संचालन गरी लैङ्गिक हिंसामुक्त नगर घोषणाका लागि बिभिन्न कार्यक्रमका लागि लैङ्गिक समानता तथा सामाजिक समावेसीकरणका क्षेत्रमा ३५ लाख ३२ हजार बजेट विनियोजन गरेको छु । बालविवाह न्यूनिकरणका लागी **ब्या बरु छाँटै हरी - म क्यान मरु** अभियान, दलित- महिला- बालवालिका - युवा- अपाङ्गमैत्री कार्यक्रम , महिला स्वयमसेविका प्रोत्साहन कार्यक्रम र एकल महिला तथा विपन्न महिला लक्षित कार्यक्रमका लागि विशेष बजेटको व्यवस्था गरेको छु ।

२६- बडीमालिका चक्रपथ, वडा कार्यलयसम्म सडक संजाल पुर्याउन , मार्तडीका निर्माणाधिन सडक, बसपार्क निर्माण लगायत स्थानीय सडक पुल तथा झो .पु. निर्माणमा एकमुष्ट ५ करोड ५५ लाख रुपैंया विनियोजन गरेको छु ।

२७- हाल नगर क्षेत्रमा रहेको ८५ हेक्टर सिंचित क्षेत्रलाइ दोब्बर गर्न बुढाकोर्ध - फडिल्ला बहुउदेश्यीय सिचाईमा ४० लाख मना बृहत सिचाई नहरमा ३० लाख र रजाली बैढुङ्गादेखि चौराटासम्मको सिचाइमा रु २० लाख लगायत सिचाई क्षेत्रमा कुल १ करोड ३१ लाख रुपैंया विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

२८- नगरपालिकाको कार्यालयमा बाह्य संरचना निर्माणमा १५ लाख , वडा कार्यालय भवन निर्माण ५० लाख र नगरपालिका एवं जिल्ला प्राविधिक कार्यालय जि.स.स. बाट हस्तान्तरित क्रमागत भवन निर्माण मा ४० लाख लगायत भवन तथा शहरी विकासमा कुल १ करोड ८ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

२९- उज्यालो बडीमालिका अभियान अन्तरगत विद्युत उत्पादन सम्भाव्यता अध्ययनका लागि २ लाख र मनागाड विद्युत पावरहाउस मर्मतमा ३ लाख गरी उर्जा , लघु तथा साना जलविद्युत क्षेत्रमा कुल ५ लाख बजेट विनियोजन गरेको छु ।

३०- वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थामा टेलिफोन सुविधा विस्तारका लागि एकमुष्ट बजेट व्यवस्था गरेको छु साथै वडा नं. ७ को हुँडीकोटमा टेलिफोन टावर निर्माणका लागि प्रदेश सरकारसंग पहल गरिने छ ।

३१- क्लिन एण्ड ग्रीन बडीमालिका निर्माणका लागि सबै वडाका बाँझो र सडक छेउछाउमा वृक्षारोपण लगायत सामुदायिक वन सुदृढिकरणमा वजेट विनियोजन गरेको छु ।

३२- जलाधार संरक्षण , वातावरण संरक्षण तथा जलवायु परिवर्तन अन्तरगत सफा नगरी कार्यक्रम र वातावरण तथा सरसफाई कार्यक्रमहरुमा कुल ८ लाख बजेट विनियोजन गरेको छु ।

३३- ढल निकास फोहर मैला व्यवस्थापनका विभिन्न कार्यक्रममा एकमुष्ट रु ७ लाख बजेट विनियोजन गरेको छु ।

३४- जल उत्पन्न प्रकोप नियन्त्रणका लागि नगरका विभिन्न ठाँउमा तटबन्धनका लागि रु ३४ लाख बजेट विनियोजन गरेको छु ।

३५- विपद् व्यवस्थापन कोषमा रु ५ लाख र यूनिसेफको शसर्त विपद् जोखिम न्यूनिकरण कार्यक्रममा ५ लाख गरी विपद् व्यवस्थापनमा कुल १० लाख बजेट विनियोजन गरेको छु ।

३६- जनताको शासन जनमैत्री प्रशासन कार्यक्रम अन्तरगत नगरपालिकाको सेवा प्रवाहलाई थप व्यवस्थित गर्न कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा ६ करोड ७४ लाख २९ हजार ९ सय रुपैंया विनियोजन गरेको छु । बाजुरा क्याम्पसबाट स्नातक गर्ने

विद्‌थार्थीलाइ नगर स्वयमसेवकका रुपमा परिचालन गर्न सकिने गरी बजेट व्यवस्था गरेको छु ।

३७- पत्रकारिता अक्षय कोषका लागि रु १ लाख गरी सुशासन प्रवर्द्धनका क्षेत्रमा ४ लाख ३० हजार बजेट विनियोजन गरेको छु ।

३८- तरुणको लक्ष्य सीप र दक्ष कार्यक्रम अन्तरगत आयोगका तयारी कक्षा संचालनका लागि ३ लाख, कर्मचारी तथा जनप्रतिनीधिको क्षमता विकासका लागि रु १ लाख गरी लेखाङ्कन राजश्व क्षमता विकासका क्षेत्रमा कुल १५ लाख बजेट विनियोजन गरेको छु ।

अन्त्यमा ,

प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गरी सहयोग गर्नुहुने बाजुरा जिल्लाबाट प्रतिनिधित्व गर्नुहुने माननीय सांसद ज्यू हरु, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजनीतिक दलका स्थानीय प्रतिनिधिज्यूहरु तथा सम्पूर्ण करदाता कर्मचारी पत्रकार सहित नगरवासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुर्याउने अपेक्षा गरेको छु । प्रस्तावित कार्यक्रमबाट नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन वृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु । आर्थिक वर्ष ०७५।०७६ को बजेट योजना तथा कार्यक्रमको कार्यान्वयनमा सम्मूर्ण नगरवासी, राजनीतिक दल, नागरिक समाज, गैह सरकारी संघ–संस्था, पत्रकार र कर्मचारी सबैबाट सिर्जनात्मक सहयोगको अपेक्षा राखेको छु ।

धन्यवाद ।

जय बडीमालिका ॥